महाशिला गाउँपालिकाको १६ औं गाउँसभामा २०८१ आषाढ १० गते सोमबार
उपाध्यक्ष श्री धनसुवा वि.क. ज्यूले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

**महाशिला गाउँपालिका**
**बालाकोट, पर्वत**
**२०८१**

**सभाध्यक्ष महोदय,**

महाशिला गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गरिरहँदा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि समृद्ध महाशिलाको परिकल्पनामा साथ दिनुहुने सम्पूर्ण महाशिलाबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम तीन वटै तहका सरकारहरु सञ्चालनमा आइसकेका छन् । नेपाली जनताले आफैले निर्माण गरेको संविधानको कार्यान्वायनसँगै स्थानीय सरकारमा महिला, दलित, आदिबासी जनाजाती तथा अल्पसंख्यक लगायतको अर्थपूर्ण उपस्थितिमा समावेशीतालाई प्रवर्द्धन गर्दै समाजका हरेक वर्ग, क्षेत्र र समुदायको विकास र समृद्धिमा टेवा पुयाउने कुरामा विश्वस्त छु ।

हाम्रा समस्याहरु धेरै छन् । स्रोत र साधन न्यून रहेको छ। उपलब्ध स्रोत र साधनबीच समुचित तालमेल मिलाई न्यून स्रोत साधनबाट अधिक समस्या समाधान गर्नु चुनौतीको रुपमा रहेको छ । तथापी चुनौतीलाई अवसरको रुपमा लिई मितव्ययीता अपनाई स्रोत साधनको सदुपयोग गर्न प्रतिबद्ध रहेको कुरा सम्मानित सभालाई विश्वास दिलाउन चाहान्छु ।

बस्तिस्तर बाट योजनाहरुको छनोट भई वडा समितिको कार्यालयबाट प्राथमिकीकरण गरेर गाउँपालिकामा आइसके पछि बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्राथमिकीकरण एवं औचित्यको आधारमा योजनाहरु छनोट गरी कार्यपालिकाबाट स्वीकृत गरी आज हामीले गाउँसभामा प्रस्तुत गरेको छु । गत आर्थिक वर्ष देखिका क्रमागत योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न निरन्तरता दिएको छु । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी गाउँपालिकाको आय व्यय, योजना, नीति तथा कार्यक्रम एवं बजेट असाढ १० गते भित्र पेश गरी सक्नु पर्ने भन्ने प्रावधान बमोजिम आजको यस सभामा बजेट तथा कार्यक्रम पेश गरेको छु । यस गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि लिएको नीति तथा कार्यक्रम यस भन्दा पूर्व प्रस्तुत भैसकेको छ । आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले जनताका आवश्यकता र मागहरुलाई प्राथमिकतामा राखेको छु । साथै विगत पाँच वर्षमा हासिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेको छु । साथै बजेट मार्फत निम्न विषयहरुलाई समेट्ने प्रयास गरेको छु ।

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत दिगो, आत्मनिर्भर र समाजवादउन्मुख अर्थतन्त्र निर्माण,
- आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना,
- पुर्वाधार विकास,
- तुलनात्मक लाभ एवं छिटो प्रतिफल दिने विषयहरु,
- जनताको जीवस्तर उकास्ने कार्यक्रम,
- स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय
- दिगो विकास, वातावरणीय संरक्षण तथा संम्वर्द्धन
- पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, गाउँपालिकाले लिएको नीति, स्थानीय तहका बुद्धिजिवी एवं प्रभुत्व व्यक्तिहरुबाट प्राप्त सल्लाह सुझाव एवं परामर्शलाई आधार मानि हाल सम्म भएका उपलब्धीहरुलाई संस्थागत गर्दै सिमित स्रोत र साधनको महत्तम सदुपयोग गरी सार्थक र सहभागितामूलक प्रणालि मार्फत नागरिकले खोजेको, रोजेको, चाहेको विकास र समता मूलक समाज निर्माण गर्दै प्रगतीशिल र उदयीमान गाउँपालिकाको रुपमा विकास गर्न यो बजेट केन्द्रित गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको गत वर्षको यथार्थ, चालु आर्थिक वर्षको संसोधित अनुमान र वित्तिय परिचालन मार्फत भएका उपलब्धि बारे संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

यस आर्थिक वर्षमा गाउँपालिकामा केन्द्र र प्रदेशबाट हालसम्म वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी समेत गरि प्राप्त जम्मा रकममा चालु खर्चमा कुल विनियोजित रु. ६ करोड ४२ लाख १८ हजार मध्ये ८७ प्रतिशत, पूजीगत खर्चतर्फ विनियोजित रु. १२ करोड १९ लाख ५५ हजार मध्ये ७९ प्रतिशत पूँजीगत खर्च हुने संसोधित अुनमान छ। ससर्त अनुदानको २० करोड ४६ लाख मध्ये मध्ये ६५ प्रतिशत खर्च भएको छ। गरिब संग विश्वेश्वर कार्यक्रममा १०० प्रतिशत, पि एल.जी.एस पि तर्फ १०० प्रतिशत खर्च प्रगति भएको छ। चालु आर्थिक वर्षमा आन्तरिक आयतर्फ रु ७१ लाख ५० हजार अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्म ३१ लाख ३७ हजार राजश्व संकलन भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वजेटको सोँच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

**सोच :** दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध महाशिला निर्माण गर्नु बजेटको सोच रहेको छ ।

**लक्ष्य:** उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत महाशिलाबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ ।

**उद्देश्य:** पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र :** यस क्षेत्रको निम्ति ४ करोड २१ लाख ६८ हजार २ सय ५० रकम विनियोजन गरेको छु । जसबाट..........

१. **महाशिलाको सरोकार एक घर एक रोजगार** भन्ने मुल नाराका साथ सुरु भएको महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न र यस कार्यक्रमलाई निरन्तरता दिदै त्यसको लागि रु १ करोड ९३ लाख विनियोजन गरेको छु। विदेशमा रहेका र शहरमा रहेका युवाहरुलाई गाउँ फर्कि उद्यमी बन्नको निम्ती गाउँमा उद्यम घरमै रोजगारी घर फर्क प्यारा प्यारी अभियान र बसाई फर्क अभियान व्यावसायमा व्याज अनुदानको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. कृषिलाई उत्पादनमुखी बनाउदै निर्यातउन्मुख बनाउने उदेश्यको साथ कृषि तथा पशु उधमशिलता कार्यक्रम साझेदारी कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु। प्रत्येक

घरमा गई पशुहरुलाई निःशुल्क जुका माटे र खोकिको औषधि खुवाउन आवश्यक रकम विनियोजन गरेको छु ।

३. पशुपालनको क्षेत्रमा कृषकलाई थप प्रोत्साहन होस, पशुजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकौ र लिमे पारकोटे पाडापाडी संरक्षण समेत होस भनी प्रति भैसी सुत्केरी ६०० का दरमा भैसी सुत्केरी कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु । उत्पादन महाअभियानमा हाम्रो ध्यान दुध, ताजा, फलफूल, तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रमका लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

४. पशु क्षेत्रको विकास, कृषि क्षेत्रमा औजार सहयोग, तालिम, विउ, प्रविधि, विभिन्न फलफुलको विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५. फलफूल तथा कष्ठफल विरुवा, मौरी विकास, घाँसको विऊ लगाएत युवा व्यवसायीलाई प्रोत्सहानको लागि आवश्यक वजेट विनियोजन गरेको छ ।

६. कृषि तथा पशुक्षेत्रको उत्पादन वृद्धि गरि आयआर्जन र रोजगारी सृजना गर्नका लागि महाशिला गाउँपालिकाको अनुकुल हुने गरि साझेदारी कार्यक्रमको लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

७. संघीय सरकार विशेष अनुदान मार्फत महाशिला पुर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८. अलैची विकास कार्यक्रम, मौरी विकास कार्यक्रम र चिया कफि क्षेत्र विकास कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

९. दलित परिवारले पालेका सवै पशुको विमाको लागि रु आवश्यक रकम विनियोजन गरेको छु ।

१०. एक वडा एक लघुउद्यम र एक वडा एक अटो कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११. सहकारी सस्तो पसलका लागि अनुदानको व्यवस्था मिलाएको छु ।

**सामाजिक विकास क्षेत्र :**

**यस क्षेत्रको विकासका निम्ति ३ करोड ५ लाख ७७ हजार सात सय पचहत्तर रुपैंया विनियोजन गरेको छु । जसबाट.........**

१२. विद्यालर्थीहरुको पढाइको स्तर उकासि सिकाई उपलब्धी वृद्धि गर्नका लागि आवासीय विद्यालय कार्यक्रमको लागि ८५ लाख ५० हजार विनियोजन गरेको छु । विद्यालय शुसासन पवर्द्धन गर्न अभिभावक शिक्षा कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३.यस महाशिला गाउँपलिकाका सवै विद्यालयमा अंग्रेजी पाठ्यपुस्क अनुदान, विद्यालय सुशासन प्रवर्द्धन अभिभावक शिक्षा, शैक्षिक भ्रमण,राष्ट्रपति रनिङ सिल्ड, विद्यालय मर्मत घेराबार, परीक्षा सञ्चालन, शैक्षिक क्यालेन्डर निर्माण र होमवर्क डायरी, पढ्दै कमाउदै अभियान, प्र अ प्रोत्साहन, अध्यक्ष असहाय वालवालिका छात्रावृत्ती कल्याणकारी कोष, आवासिय विद्यालय, प्रविधिमैत्री शिक्षा विकास तथा पेशागत तालिमका लागि र प्राविधिक धारमा स्नातक तह अध्ययनका लागि यस गाउँपालिकाका गरिब तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक १ लाख र उच्च मा.वि. शिक्षा अध्ययन सहयोग कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४.गर्भवति महिलालाई सुत्केरी हुँदा अस्पतालसम्म आउन जानको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

१५. महाशिला गाउँपालिकालाई जिरो होम डेलिभेरी लाई निरन्तरता दिन सुत्केरी महिलाको स्वास्थ्य अवस्थाको सुधारको लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलालाई कुखुरा वा घ्यू सहित घरमा भेट्न जाने उदेश्यले अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि प्रदान गरिदै आएको रु २

हजारलाई बढाएर रु २ हजार ५ सय प्रदान गर्ने व्यवस्था मिलाएको छु । साथै कुना देखि कोरा सम्म कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१६. सामाजिक न्याय तथा समावेशिकरणलाइ मध्येनजर गरि दलित आयआर्जन, महिला आयआर्जन, जनजाति उत्थान, जातीय विभेद विषयक सचेतना जस्ता कार्यक्रम सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१७. खेलकुद विकास र प्रर्वद्धन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि समेत आवश्यक रकम विनियोजन गरेको छु ।

१८ हरेक दुई महिनामा दिर्घ रोगि र वृद्धहरुलाइ घरघरमै गएर निःशुल्क उपचार र सुगर प्रेसरको परिक्षण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास : यस क्षेत्रको लागि ४ करोड ६२ लाख ४७ हजार ६ सय १५ रकम विनियोजन गरेको छु । जसबाट.....**

१९. पाखापानी स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गर्नको लागि रु २३ लाख रकम विनियोजन गरेको छु ।

२०.गाउँपालिका अन्तर्गतका सडकहरु मर्मत तथा आवश्यक डि. पी. आर. र फुटकर योजना कार्य गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२१. विपन्नको घर निर्माण, घडेरी तथा आवास विकास लगाएतका कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

२२. नेपाल सरकारको साझेदारीमा समपुरक अनुदान मार्फत सञ्चालित लुंखु घन्तरी फलामखानी घण्टे सडक स्तरोन्नतीका लागि संघीय सरकार समपुरक अनुदानबाट रु १ करोड र गाउँपालिका साझेदारीको रु १ करोड गरि जम्मा २ करोड विनियोजन गरेको छु । विशेष अनुदानमा महाशिला शिला क्षेत्रमा पूर्वाधार निर्माण शीर्षकमा रु १ करोड ५० लाख विनियोजन गरेको छु । प्रदेश सरकारको साझेदारीमा समपुरक अनुदान मार्फत प्रशासकीय भवन निर्माणका लागी आवश्यक वजेट विनियोजन गरेको छु । प्रदेश सरकारको समपुरक अनुदानमा पैयु भञ्याङ होश्राङ्गदी अगुवा सडक सुधार विस्तारको लागि रु ६० लाख र गाउँपालिकाको तर्फबाट रु ६० लाख गरि जम्मा रु १ करोड २० लाख रकम विनियोजन गरेको छु । प्रदेश सरकारको सशर्त अनुदानमा वाइ चोक दुक्तान सडक स्तरोन्तीको लागि रु ४० लाख विनियोजन गरेको छु ।

**वातावरण तथा जलवायु विपद व्यवस्थापनका लागि १७ लाख ५८ हजार ७ सय ३० रकम विनियोजन गरेको छु । जसबाट ..........**

२३. गाउँपालिका क्षेत्रमा विभिन्न समयमा आउनसक्ने आकस्मिक विपद तथा संकटको अवस्थामा, आकस्मिक उद्धार तथा राहत उपलब्ध गराउन एक प्रकोप व्यवस्थापन कोष स्थापना गरी सोही कोषबाट रकम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

२४. विकास आयोजनाहरु सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि रु १ लाख रकम विनियोजन गरेको छु ।

२५. विपद पूर्व तयारी सामग्री खरिद, तारजालि खरिद, अर्थिङ्ग कार्यक्रम, वन तथा भु संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेको छु साथै फोहोर मैलालाइ व्यवथापनलाइ मध्येनजर गर्दै प्लाष्टिक व्याग विस्थापनको लागि रु ५ लाख विनियोजन गरेको छु ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः यस क्षेत्रमा ८७ लाख ९३ हजार ६ सय पचास रकम विनियोजन गरेको छु । जसबाट.....**

२६. अनुगमनको पाटो सुदृढीकरणको गर्नको लागि गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय र वडा कार्यालय सि.सि.क्यामेरा जडान गरि गाउँपालिकामा कन्ट्रोल रुम व्यवस्थापन गर्न रु ६० लाख बजेट विनियोजन गरेको छु । टोल विकास सस्था व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन

गरेको छु । शिक्षक सेवा र लोक सेवा कक्षा सचालनका लागी रु १ लाख बजेट विनियोजन गरेको छु ।

२७. जनताको सूसुचित हुने अधिकारको प्रर्वद्धन गर्दै सार्वजनिक सुनुवाई, डिस्प्ले वोर्ड निर्माण, न्यायिक समिति क्षमता अभिवृद्धि तालिम तथा सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट वितरण, घुम्ती शिविर लगायतका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२८. स्थानीय सेवा ऐन गठन नहुँदा सम्म केही कर्मचारी करार सेवामा निरन्तरता दिई/राखी सेवा प्रवाह सुचारु गरिनेछ । साथै करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कार्यक्रमलाइ निरन्तरता दिँदै रु ८ लाख रकम विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

२९. अव म आगामी बर्षको बजेट विनियोजन र स्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३०. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु ३९ करोड १९ लाख ७५ हजार विनियोजन पेश गरेको छु । जसमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु ४ करोड ५७ लाख २६ हजार ९ सय ८०, संघीय सरकार सशर्त अनुदानबाहेकका पूजीँगत कार्यक्रम र क्षेत्रगत विकास खर्च तर्फ १२ करोड ९५ लाख ४६ हजार रुपैंया तथा संघीय सरकार सशर्त अनुदानतर्फ तोकिएका कार्यक्रमहरु सञ्चालन गर्नका लागि रु १८ करोड १७ लाख, प्रदेश सरकार शसर्त अनुदान मार्फत तोकिएको आयोजानाको लागि रु ४० लाख, प्रदेश सरकार समपुरक योजनाको लागि रु.६० लाख रहेको छ। संघिय सरकार, अन्य विषयगत मन्त्रालय एवं विभागबाट प्राप्त हुने रकम सहित पुँजीगत खर्च, कार्यक्रम खर्च, विकास खर्च र चालु खर्च गरि जम्मा रु ३९ करोड १९ लाख ७५ हजार रुपैंया मात्र व्यय अनुमान पेश गरेको छु ।

आगामी आ.व. २०८१।८२ को खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान मार्फत ७ करोड ११ लाख, संघिय सरकार ससर्त अनुदान मार्फत १८ करोड १७ लाख, संघीय सरकार राजश्व बांडफांड बाट रु. ५ करोड ५७ लाख रुपैयाँ, सघिय सरकार समपुरक अनुदान १ करोड , विशेष अनुदान १ करोड ५० लाख, त्यस्तै गण्डकी प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ ७२ लाख ६५ हजार , प्रदेश सरकार राजश्व बांडफाँडबाट रु. २९ लाख ०८ हजार रहेको छ भने गण्डकी प्रदेश सरकार ससर्त अनुदानको रु. ४० लाख, तथा समपुरक अनुदान रु. ६० लाख आय अनुमान रहेको छ भने जिल्ला समन्वय समितिबाट रु.१२ लाख आय अनुमान रहेको छ । यसैगरि महाशिला गाउँपालिकाको आ.व. २०८१।८२ को जम्मा अनुमानित आन्तरिक राजश्व रु ७१ लाख, र यस वर्ष खर्च नभई बाँकी नगद अल्या रकम अनुमानित रु 3 करोड गरि जम्मा रु. ३९ करोड १९ लाख ७५ हजार रुपैंया मात्र आय अनुमान पेश गरेको छु ।

**सभाध्यक्षज्यू,**

३१. अव म आगामी आर्थिक वर्ष २०८१/८२ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३२ . कर प्रणालीमा संरचनात्मक सुधार गदै करको दर होइन दायरा फराकिलो पार्दै लगिनेछ । कर प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शि प्रणालीको रुपमा विकास गरिनेछ । कर योग्य सवै किसिमको आयलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो पारिनेछ ।

३३. चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु। साथै करको दायरा विस्तार गर्न थप केही कराधार थप गरिएको छ।

३४. गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको अनुमानित आय व्ययलाई अनुसूचीमा उल्लेख गरेको छु।

अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन गर्नु हुने श्रीमान अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि, सम्पूर्ण कर्मचारीहरु प्रति आभारी छु। विभिन्न विषयगत समिति, राजनीतिक दल, सरकारी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी एवं आम महाशिला बासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु।

**धन्यवाद।**

**धनसुवा वि.क.**
उपाध्यक्ष
महाशिला गाउँपालिका

# ७.१ आय तथा व्ययको प्रक्षेपण

## अनुसूची १

| शीर्षक आय | आ.व. २०८१/८२ को अनुमान |
|---|---|
| कुल जम्मा आय | ३९१९७५००० |
| आन्तरिक श्रोत | ७१००००० |
| सम्पत्ति कर | १००००० |
| भुमिकर/मालपोत | १५००००० |
| घरवहाल कर | २००००० |
| घरजग्गा रजिष्टेशन शुल्क | ५०००० |
| बहाल विरौटी कर | ५०००० |
| अन्य कर | १५००००० |
| न्यायिक दस्तुर | १०००० |
| परीक्षा शुल्क | ५०००० |
| अन्य राजश्व | २०००००० |
| सिफारिस दस्तुर | ११३०००० |
| व्यवसाय कर | ५००००० |
| प्रशासनिक दण्ड, जरिवाना, दस्तुर | १०००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५८६०८००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त:शुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ५५७००००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २९०८००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २९५०६७००० |
| संघीय सरकार | २७७८०२००० |
| १३३११ समानिकरण अनुदान | ७११००००० |
| समपुरक अनुदान | १०००००००० |
| विशेष अनुदान | १५०००००० |
| १३३१२ शसर्त अनुदान | १८१७०२००० |
| प्रदेश सरकार | १७२६५००० |
| १३३११ समानिकरण अनुदान | ७२६५००० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | ४०००००० |
| समपुरक अनुदान | ६०००००० |
| जिल्ला समन्वय समिति पर्वत | १२००००० |
| जिल्ला समन्वय समिति पर्वत | १२००००० |
| वित्तीय व्यवस्था (प्राप्ति) | ० |
| बजेट न्यून (-) गत वर्षको मौज्दात | ३००००००० |

**व्यय तर्फ**

| नेपालको संविधानको धारा २२९ बमोजिम संचित कोषवाट विनियोजन हुने रकम रू. | | |
|---|---|---|
| **शीर्षक** | | **आ.व.२०८१/८२ को अनुमान रु.** |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (शसर्त बाहेक)** | | **४५७२६९८०** |
| | पारिश्रमिक कर्मचारी | ११५००००० |
| | पोशाक | ४५०००० |
| | स्थानीय भत्ता | २५०००० |
| | महंगी भत्ता | ४००००० |
| | अन्य भत्ता | १००००० |
| | पदाधिकारी बैठक भत्ता | ४००००० |
| | पदाधिकारी सुविधा | ७५००००० |
| | सञ्चार महशुल | ३००००० |
| | इन्धन पदाधिकारी | १०००००० |
| | कार्यलय प्रयोजन | ३००००० |
| | व्याकु लोडर मर्मत | ८००००० |
| | सवारी साधन मर्मत | १२००००० |
| | विमा तथा नविकरण | ३००००० |
| | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १००००० |
| | मसलन्द तथा कार्यालय सामग्री | ९९६५०८ |
| | सूचना तथा विज्ञापन | १००००० |
| | करार सेवा शुल्क | ११५००००० |
| | विविध खर्च | ७१०४७२ |
| | अनुगमन मुल्याङकन खर्च | ४००००० |
| | भ्रमण खर्च कर्मचारी | ४००००० |
| | **भ्रमण खर्च** जनप्रतिनिधि | ४००००० |
| | घरभाडा | १५०००० |
| | अतिथि सत्कार | २००००० |
| | कर्मचारी र शिक्षकलाई प्रोत्साहन र पुरस्कार | १५०००० |
| | पानी तथा बिजुली | २००००० |
| | सवारी साधन तथा मेशिनरी भाडा | २००००० |
| | कर्मचारी बैठक भत्ता | १००००० |
| | सभा सञ्चालन खर्च | १००००० |
| | करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष | ८००००० |
| | पर्यटन काज | २००००० |
| | कर्मचारी कल्याण कोष | १००००० |
| | उपभोक्ता समिति अभिमुखिकरण | ६०००० |
| | कानुन कार्यविधि निर्माण विशेषज्ञ सेवा | १००००० |

| | | |
|---|---|---|
| | जात्रा उत्सव दिवश समारोह | १०००००० |
| | राजस्व सुधार कार्ययोजना कार्यन्वयन | १५०००० |
| | फर्निचर एण्ड फिक्स्चर्स | २५०००००० |
| | लक्षित वर्ग सम्मान कार्यक्रम | १०००००० |
| | परामर्श सेवा | ७०००००० |
| | वडा कार्यलय मसलन्द तथा कार्यलय सामग्री | ७१०००० |
| | **जम्मा** | ४५७२६९८० |
| | **पालिका तर्फ** | |
| **संकेत नं.** | **शीर्षक** | **आ.व.२०८१।०८२ को अनुमान रु.** |
| **१०** | **आर्थिक विकास** | **४२१६८२५०** |
| **१०१०** | **कृषि** | **१९७४८२५०** |
| | पशु विकास र औषधी | १०००००० |
| | लिमे पारकोटे पाडापाडी संरक्षण भैसी सुत्केरी भत्ता ६०० भैसीलाई | ३००००० |
| | उत्पादन महाअभियान दुध, ताजा तरकारी, सुन्तला, कागती, अलैचि र मासुमा अनुदान सहकारी मार्फत | २०००००० |
| | व्यवसायिक च्याउ खेति | १००००० |
| | अमिलो जातको फलफुल बगैचा सुदृढिकरण | १००००० |
| | आकस्मीक बालि विपत व्यवस्थापन | १००००० |
| | कृषक सम्मान कार्यक्रम | ५०००० |
| | जैविक विषादी | १००००० |
| | कुखुरा चल्ला वितरण कार्यक्रम | १००००० |
| | युवा व्यावसायीलाई ह्याचरी वितरण | १००००० |
| | घाँसको विउ/बेर्ना वितरण कार्यक्रम | १००००० |
| | पशु पंक्षि तालीम | ५०००० |
| | किवि वाली विस्तार कार्यक्रम | १००००० |
| | मौरी विकास कार्यक्रम | १००००० |
| | अलैची विकास कार्यक्रम | १००००० |
| | कृषि औजार उपकरण सहयोग | १०००००० |
| | कम्पोष्ट मल निर्माण कार्यक्रम | ३२८२५० |
| | कृषि उत्पादन वजारीकरण सहयोग अनुदान कार्यक्रम | ३००००० |
| | बाँझो जग्गा खेति कार्यक्रमलाई जोताई प्रति रोपनि १००० कार्यक्रम | १००००० |
| | वाँझो जग्गा तरुल फर्सी आदि खेती | ५०००० |
| | चिया क्षेत्र विकास ६ | १००००० |
| | फलफूलका तथा काष्ठफल विरुवा अनुदान | १०००००० |

| | | |
|---|---|---|
| | पक्की सडक छेउ हरित सडक कार्यक्रम टोल विकास संस्थासंग सहकार्य | १००००० |
| | साझेदारी कार्यक्रम | १००००००० |
| | दलित परिवारले पालेका सबै पशु तथा पालिकामा दर्ता भएका पशु फर्मका पशुहरुको विमा कार्यक्रम | ५००००० |
| | आलु तथा तरकारी विउ खरिद ६ | १७०००० |
| | कृषि पूर्वाधार | १४००००० |
| | साना सिचाई र थोपा सिचाई | २००००० |
| | एक गाउँ एक उत्पादन कार्यक्रम | १००००० |
| **१०२०** | **उद्योग तथा वाणिज्य तथा रोजगार** | **१२२००००** |
| | एक वार्ड एक लघु उद्यम ( पाँच लाख सम्म अनुदान) | ५००००० |
| | एक वडा एक अटो कार्यक्रम ५० प्रतिसत अनुदान | ३२०००० |
| | लघु उद्यम कार्यक्रम | ३००००० |
| | उद्यमी प्रोत्सान कार्यक्रम | १००००० |
| | | १२२०००० |
| **१०३०** | **पर्यटन साझेदारी र समपूरककोष** | **१५०००००** |
| | महाशिलाको शिला क्षेत्रमा आश्रम फर्निचर (गाउँपालिकाबाट विनियोजन हुने) | ५००००० |
| | अन्य क्षेत्रको पर्यटन पूर्वाधार विकास | १०००००० |
| | | १५००००० |
| **१०४०** | **महाशिला विकास स्वयंसेवक कार्याक्रम** | **१९३०००००** |
| | निर्माण स्वंयसेवक खर्च | १३२००००० |
| | शिक्षक, खानेपानि र अन्य संस्थागत स्वमंसेवक | ६०००००० |
| | विमा | १००००० |
| | | १९३००००० |
| | सहकारी | १५०००० |
| | सहकारी सस्तो पसल १ लाख अनुदान कार्यक्रम सहयोग | १००००० |
| | नेतृत्व विकास, र व्यावसयिक योजना र लेखा व्यावस्थापन तालिम महिला विकास सहकारी समुह | ५०००० |
| | | १५०००० |
| **१०४०** | **वित्तीय क्षेत्र** | **४०००००** |
| | घर फर्क प्याराप्यरी र बसाई फर्क अभियान व्यावसायमा बैंक व्याज र खाधन्न अनुदान | ४००००० |
| **२०** | **सामाजिक विकास** | **३०५७७७७५** |
| २०१० | शिक्षा | २२५०३७७५ |
| | विद्यालय शुसासन प्रवर्द्धन अभिभावक शिक्षा | २००००० |
| | सवै विद्यालयमा अंग्रेजी पाठ्य पुस्तक अनुदान | ४००००० |

| | | |
|---|---|---|
| | शैक्षिक भ्रमण | ४००००० |
| | गोरादी प्रा.वि. छाना मर्मत | १५०००० |
| | विद्यालय संगै सिप सिप विकास कार्यक्रम | १५०००० |
| | विद्यार्थी मनोपरामर्श तथा योग अभ्यास | २००००० |
| | परिक्षा संचालन | ६५०००० |
| | शैक्षिक क्यालेण्डर र होमवर्क डायरी व्यावस्थापन | १५०००० |
| | उच्च मा.वि. शिक्षा अध्यायन सहयोग कार्यक्रम | ४५०००० |
| | उच्च शिक्षा अध्यायन सहयोग कार्यक्रम | ५००००० |
| | राष्ट्रपति रनिङ्ग सिल्ड | ७००००० |
| | प्र.अ. वैठक व्यवस्थापन तथा सेवा निवृत्त शिक्षक सम्मान | २००००० |
| | त्रिभुवन प्रा.वि. छाना मर्मत १ | ५०००० |
| | प्रविधि मैत्री शिक्षक विकाश कार्यक्रम | १००००० |
| | पालिका स्तररिय स्काउट क्रियाकलाप र प्रतियोगिता कार्यक्रम सहयोग | २००००० |
| | अध्यक्ष असहाय वालवालिका छात्रवृति तथा कल्याणकारी कोष | २००००० |
| | सुर्य मावि बाल उधान निर्माण | १००००० |
| | क्याम्पस अनुदान | ६००००० |
| | व्यावसायिक शिक्षा अनुदान र पूर्वाधार सहयोग | ३००००० |
| | वा.स.का., कार्यालय सहयोगी र लेखापाल तलव थप | ५५५१००० |
| | अतिरिक्त क्रियाकलाप संचालन | ३००००० |
| | महेद्रोदय मा.वि. रङरोगन २ | १००००० |
| | वालरानि मा.वि. घेराबार ३ | ३००००० |
| | कालिका प्र.वि. भवन मर्मत तथा घेरावार ३ | १५०००० |
| | चिसापानि प्र.वि. घेरावार निर्माण ५ | १००००० |
| | मदन आश्रीत विद्यालय भित्तेलेखन तथा रंग रोगन ६ | १००००० |
| | फलामखानी आधारभुत विद्यालय  भवन मर्मत  ६ | १००००० |
| | शिवालय प्रा.वि. तारवार २ | ७५००० |
| | पढदै कमाउदै विधार्थि पेवा कार्यक्रम | ३००००० |
| | प्र.अ. प्रोत्साहन | ३००००० |
| | समुहगत शिक्षक परिचालन | ६५०००० |
| | शैक्षिक सामाग्री निर्माण तालिम | १००००० |
| | आवाशिय विद्यालय कार्यक्रम | ७८२०००० |
| | विद्यालयको कोठा निर्माण र मर्मत रंग रोगन | ८५७७७५ |
| | | २२५०३७७५ |
| **२०२०** | **स्वास्थ्य** | **३११४०००** |
| | स्वास्थय संस्था औषधी लगायत अत्यावश्यक सेवा | १०००००० |

| | | |
|---|---|---|
| | दिर्घरोगी र बृद्धबृद्धाहरुलाई मासिक स्वस्थ्य परीक्षण कार्यक्रम | २००००० |
| | वानहार्ट संग साझेदारी कार्यक्रम | ३००००० |
| | स्वास्थ्य संस्थामा ल्यापटप खरिद | ६००००० |
| | प्रसुती सेवा निःशुल्क एम्बुलेन्स सेवा | ३००००० |
| | अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम कुखुरा वा धिउ रु. २५०० | २५०००० |
| | बाल बालिकाको २४ पटक वृद्धी अनुगमन र ८ पटक गर्भ जाँच प्रोत्साहन | ८०००० |
| | उत्कृष्ट स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था प्रोत्साहन | २४००० |
| | न्युनतम सेवा मापदण्डको कार्ययोजना कार्यन्वयन | ६०००० |
| | स्वास्थ्य संस्था फर्निचर | ३००००० |
| | | ३११४००० |
| **२०३०** | **खानेपानी तथा सरसफाइ** | **१५३००००** |
| | खानेपानी पाईप खरिद | ५००००० |
| | दानुवाथान खा.पा. मर्मत तथा ट्याङ्की निर्माण ६ | ८०००० |
| | भुतेखोला कडेनि घण्टे खा.पा. मर्मत ६ | १००००० |
| | खोरिया ओखरबोट खुरखुरे डाँडा खा.पा. मर्मत ६ | ५०००० |
| | सिस्नेरी खा.पा. मोटर खरिद ६ | १००००० |
| | झाक्रीथान खा.पा. मर्मत ६ | ५०००० |
| | खहरे दमैडाडा खानेपानि ४ | १००००० |
| | चिसापानि थापथर खुरखरे डाँडा खा.पा.मर्मत ६ | ५०००० |
| | कुलडाडा खानेपानी मर्मत २ | ५०००० |
| | वाटे खनेपानी योजना ३ | १५०००० |
| | लिफ्ट खानेपानीको विधुत महशुल अनुदान पाईप | ३००००० |
| | | १५३०००० |
| **२०४०** | **संस्कृति प्रवर्द्धन** | **४३००००** |
| | गुम्वा मठ मन्दिर देवालय मर्मत संरक्षण | २००००० |
| | सामाजिक विकृति जाँड रक्सी जुवा तास विरुद्धको अभियान | २००००० |
| | ढुवाकोट मन्दीर पुजा व्यावस्थापन | ३०००० |
| | | ४३०००० |
| **२०५०** | **खेलकुद तथा मनोरञ्जन** | **१३०००००** |
| | खेलकुद र सामाग्री क्लव सहयोग | ८००००० |
| | शारिरिक व्यायमशाला निर्माण काफलडाडा ३ | ५०००० |
| | पाल्ले खेलमैदान घेराबार | १५०००० |
| | खेल मैदान सहयोग | १५०००० |
| | जम्पुर खेलमैदान तारवार १ | १५०००० |
| | | १३००००० |

| | | |
|---|---|---|
| **२०६०** | **लैगिक समानता तथा सामाजिक समावेशीकरण** | **१७०००००** |
| | वाल मैत्री वाडा घोषणा अभियान कार्यक्रम गै.स.स. परिचालन | ५००००० |
| | दलित आयअर्जन कार्यक्रम | १००००० |
| | जेसि अडिट | १००००० |
| | जनजाती उत्थान कार्यक्रम | १००००० |
| | महिला आय आर्जन कार्यक्रम | १००००० |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० |
| | जातीय विभेद विषयक सचेतना कार्यक्रम | १००००० |
| | कुना देखी कोरा सम्म महाशिला भेटी कार्यक्रम प्रति घर रु ५००० | ५००००० |
| | बाल क्लब सञ्जाल अभिमुखिकरण कार्यक्रम | १००००० |
| | | १७००००० |
| **३०** | **पूर्वाधार विकास** | **४६२४७६१५** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ३८७४७६१५ |
| | लुंखु वालाकोट होश्राङ्गदी सडक | १०००००० |
| | घण्टे फलामखानि घन्तरी लुंखु सडक स्तर उन्नती | १००००००० |
| | आरोग्य केन्द्र भवन मर्मत | २००००० |
| | पाखापानी स्वास्थ्य भवन | २३००००० |
| | पैयु भञ्याङ्ग होश्राङ्गदी अगुवा सडक सुधार विस्तार १ | ६०००००० |
| | अगुवा अर्गाउँदी रिचे प्रोचु अर्खञ्ज्ङ्ग सडक सुधार विस्तार १ | ९००००० |
| | गडी पुर्णगाउँ जौखेत सडक मर्मत विस्तार १ | ३००००० |
| | वडा कार्यलय तारवार व्यवस्थापन तथा मर्मत १ | १००००० |
| | नाकेडाँडा प्रोचु गोरेटो बाटो निर्माण १ | १५०००० |
| | बागमारा बसेनी सडक निर्माण २ | ५००००० |
| | खोलाखर्क चाउकाडाड गोरेटो बाटो मर्मत २ | १००००० |
| | आलु भण्डार मर्मत पाखुरे निर्माण २ | १००००० |
| | बागमारा समुह टेन्ट खरिद २ | ७५००० |
| | अर्खभञ्ज्याङ्ग ठाँटी निर्माण २ | १००००० |
| | वडाकार्यलय स्वास्थ्य चौकी घेरावार २ | ५००००० |
| | वडाकार्यलय लामाडाडा सडक मर्मत २ | १००००० |
| | देउराली सामुदायिक भवन मर्मत तथा फर्निचर २ | १००००० |
| | काउले ट्रस्ट निर्माण २ | १००००० |
| | महेन्द्रोदय गेट घुम्ती सडक मर्मत २ | १००००० |
| | भोग्सींग सबूडाडा खोलाखर्क सडक स्वास्थ्य भवन २ | ७००००० |
| | बाटे सामुदायिक भवन निर्माण ३ | ५००००० |
| | अधेरिखोला ट्रस्ट निर्माण ३ | १५०००० |

| | | |
|---|---|---|
| | गाजपारे ट्रस्ट निर्माण ३ | १००००० |
| | तल्लो घन्तरे ट्रस्ट निर्माण ३ | १००००० |
| | पँधेरा दियालिडाडा सडक ३ | २००००० |
| | नियाली बान्द्रे सडक मर्मत ३ | ३००००० |
| | सम्मेनि देखि नयाँ चौपारी सम्म घोरेटो बाटो निर्माण ४ | २००००० |
| | मोटर बाटो देखि भोर्ले सम्म गोरेटोबाटो ४ | ७०००० |
| | भुजुङ्गे , सार्थान,आमाङ्ग, वसेनि, रातोढुंगा, लाम्तुन सडक ४ | १०००००० |
| | स्वधर्म घुम्ती देखि नानीखर्क सम्म मोटर बाटो निर्माण ४ | ३००००० |
| | गानावांग देखि टिउरे सम्म कृषी सडक ४ | ४५०००० |
| | बइकाठ स्व. एकाइ पर्निचर निर्माण ४ | ५०००० |
| | सकृय सा.उ.महिला स.संस्था भवन घेरावार ४ | १००००० |
| | दमैडाँडा टिमुरे लामतुन सडक ४ | १०००००० |
| | रामजानकी आमा समुह टेन्ट तथा फर्निचर खरिद ५ | १००००० |
| | सिम मुल संरक्षण ५ | १५०००० |
| | चक्लीपातल भल्कू सडक निर्माण ५ | ४००००० |
| | आहले विक टोल गोरेटो बाटो निर्माण ५ | २५०००० |
| | गाडा बगलथर ढाँठखर्क हुदै थुम सडक मर्मत ५ | १५०००० |
| | थुम्का इलाका प्रहरी जग्गामा जाने सडक ५ | १५०००० |
| | ज्यामिरे ढाँडा रतमाटा सडक मर्मत ५ | १००००० |
| | घन्तरी मुहान संरक्षण ५ | ५०००० |
| | चिसापानि जाने गेट मर्मत | ५०००० |
| | जोरकाफ्ला हुदै काउले सडक ढलान ५ | ३००००० |
| | साहुघर साङले हुँदै छहरी सडक स्तरउन्नती ५ | ३००००० |
| | पैयुँवोट परगोठ मोटरबाटो निर्माण ६ | १५०००० |
| | घन्तरी सामुदायिक भवन मर्मत ६ | १००००० |
| | सामुदायीक भवन मर्मत ( पात्ला) ६ | १२०००० |
| | सामुदायिक भवन निर्माण डाडाकटरी ६ | १५०००० |
| | मह चौतारी मर्मात | ८०००० |
| | फुट्कर योजनाहरु | ५००२६१५ |
| | भोलुङ्गे पुल साझेदारी | २००००० |
| | सम्पुर्ण सडक सरसफाइ तथा सुधार विस्तार व्याकुलोडर मार्फत (इन्धन) | ३०००००० |
| **३०२०** | **सिंचाई** | **८०००००** |
| | सिंचाइ कुलो घम्का प्रतिक्षालय ४ | १००००० |
| | घोरेढुंगा जामुनडाडा ठाडापाखा पाइप सिंचाई ५ | १००००० |

| | | |
|---|---|---|
| | जलभिर सिचाइ कुलो ४ | २००००० |
| | फेदी सिंचाई कुलो ४ | १००००० |
| | चिप्ले खोला सिंचाइ कुलो क लाम्तुन ४ | ३००००० |
| **३०३०** | **भवन तथा सहरी विकास** | **६१०००००** |
| | गाउँपालिका प्रशासकीय भवन निर्माण साझेदारी गा.पा. | १२००००० |
| | गाउँपालिका प्रशासकीय भवन निर्माण साझेदारी प्रदेश सरकार | ० |
| | विपन्नको घर निर्माण | ४००००० |
| | कलेकसन सेन्टर निर्माण | ४०००००० |
| | सार्वजनिक निर्माण र मर्मतसुधार | ५००००० |
| | **जम्मा** | ६१००००० |
| **३०४०** | **उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)** | **५०००००** |
| | गा.पा.का वार्डहरुमा सोलर सहितको व्याकप मर्मत | ५००००० |
| | **जम्मा** | ५००००० |
| **३०५०** | **सञ्चार** | **१०००००** |
| | सन्चार महशुल | १००००० |
| | | १००००० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **१७५८७३०** |
| १ | विपद् व्यवस्थापन कोष | ५०००० |
| २ | तार जाली खरिद | ५००००० |
| ४ | विपद पुर्व तयारी सामग्री खरिद | ५०००० |
| ७ | पुर्ण सरसफाइ कार्यक्रम १ | १००००० |
| ९ | पानि मुल, सिमसार तथा पोखरी संरक्षण | १००००० |
| ११ | स्वास्थ्य विमामा विपन्नलाई प्रीमियममा छुटकालागि | १००००० |
| १३ | सरसफाई सार्वजनिक शौचालय | २००००० |
| १४ | विभिन्न ठाउँमा अर्थिङ कार्यक्रम | ५८७३० |
| १५ | वातावरणिय प्रभाव मुल्यांकन | १००००० |
| १६ | प्लास्टीक विस्थापन कार्यक्रम | ५००००० |
| | **जम्मा** | **१७५८७३०** |
| **५०** | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **८७९३६५०** |
| १ | कर्मचारी तथा जनप्रतितिधि क्षमता विकास | १४३६५० |
| २ | सार्वजनिक सुनुवाई | १५०००० |
| ३ | घुम्ती शिविर | १००००० |
| ४ | लेखा समिति तथा आन्तरीक नियन्त्रण प्रणालीका अनुगमन समितिका पदाधिकारीलाई तालिम | १००००० |
| ५ | न्यायिक समिति क्षमता अभिबृद्धी तालिम | २००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता वडा वाट वितरण कार्यक्रम | ४००००० |

| | | |
|---|---|---|
| ७ | सामाजिक सुरक्षा अध्यावधिक तथा सचेतना | १००००० |
| ८ | मालपोतको लगत व्यवस्थापन | ५०००० |
| ९ | घटना दर्ता सप्ताह कार्यक्रम | ५०००० |
| १० | प्रहरी लगायत सुरक्षा व्यवस्थापन निकाय सहयोग | १५०००० |
| ११ | संघ संस्था, आमा समुहहरुलाई सामग्री सहयोग | ३००००० |
| १२ | सिसि क्यामारा अनुगमन कक्ष | ६०००००० |
| १३ | शिक्षक सेवा र लोक सेवा कक्षा संचालन | १००००० |
| १४ | टोल विकाश संस्था व्यवस्थापन | २००००० |
| १५ | पत्र पत्रिका सहयोग | २००००० |
| १६ | आर्थिक सहायता रकम | ५००००० |
| १७ | सुचना प्रणाली सम्वन्धि तालिम | ५०००० |
| | **जम्मा** | **८७९३६५०** |
| | **शसर्त बाहेक जम्मा** | **१७५२७३०००** |
| १ | संघिय सरकार शसर्त तोकिएका कार्यक्रम | १८१७०२००० |
| २ | संघिय सरकार समपुरक अनुदानघण्टे फलामखानि घन्तरी लुंखु सडक स्तर उन्नती | १०००००००० |
| ३ | संघिय सरकार विशेष अनुदान महाशिला क्षेत्रको पूर्वाधार विकास | १५०००००० |
| ४ | प्रदेश सरकार सशर्त | ४०००००० |
| ५ | प्रदेश सरकार समपुरक पैयु भञ्याङ्ग होश्राङ्गदी अगुवा सडक सुधार विस्तार | ६०००००० |
| | **कुल जम्मा व्यय** | **३९१९७५०००** |